## भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १, विराटनगर

### कोभिड-१९को प्रभाव न्यूनिकरण गर्ने "कृषि व्यवसाय राहत कार्यक्रम" संम्वन्धि सूचना

कोरोना भाइरसको नियन्त्रण गर्न लकडाउनका कारण कृषि तथा पशुपन्छी जन्य उत्पादन क्षेत्रमा परेको प्रतिकूल प्रभावबाट कृषकहरुलाई संरक्षण गर्न "कृषि व्यवसाय राहत कार्यक्रम संचालन निर्देशिका २०७७" अनुसार राहत प्रदान गर्न यो सूचना प्रकाशन गरिएको छ ।यो सूचना प्रकाशन भएको मितिले "कृषि व्यवसाय राहत कार्यक्रम संचालन निर्देशिका २०७७" को दफा ५ को उपदफा (१) को खण्ड (क) बमोजिम १५(पन्ध्र) दिन (मिति २०७७/०२/२२) भित्र निम्न लिखित कागजात सहित आ-आफ्नो जिल्लाको कृषि ज्ञान केन्द्र वा पशु सेवा विज्ञ केन्द्र वा सम्बन्धित स्थानीय तहको कृषि विकास/पशु विकास शाखामा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले तोकेको ढाँचामा निवेदन पेश गर्न सम्वन्धित सबै व्यक्ति वा फार्महरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो कृषि व्यवसाय राहत कार्यक्रम चालु आर्थिक वर्ष भित्रमा नै कार्यान्वयन गरिनेछ । राहतका लागि निवेदकले पेश गर्नुपर्ने फारामको ढाँचा र "कृषि व्यवसाय राहत कार्यक्रम संचालन निर्देशिका २०७७" मन्त्रालयको वेवसाईट (www.molmac.p1.gov.np) मा उपलव्ध छ ।

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु

१) मन्त्रालयको वेवसाईट (www.molmac.p1.gov.np)मा राखिएको ढाँचा अनुसारको निवेदन पेश गर्ने
२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३) कृषि तथा पशुपन्छीजन्य उत्पादनमा भएको क्षतिको स्पष्ट व्यहोरा खोली प्रदेश सरकार वा स्थानीय तहको कृषि विकास/पशु विकास शाखाका कृषि प्राविधिकको प्रतिवेदन (अनिवार्य)।
४) स्थानीय तहको वडा कार्यालयवाट सम्बन्धित वाली वस्तुमा भएको क्षतिको परिमाण खुलेको सक्कलै सिफारिस पत्र (अनिवार्य)।
५) उत्पादनको बीमा गरेको हकमा बीमा गरेको कागजातहरुको प्रमाणित प्रतिलिपी।
६) फार्मको हकमा दर्ता प्रमाण-पत्रको प्रतिलिपि, पान नम्बर, नवीकरण र सहकारीको हकमा दर्ता प्रमाण-पत्रको प्रतिलिपि
७) आवेदकको बैंक नाम र खाता नं.

माथि उल्लेखित कागजात साथ विषयगत कार्यक्रमका आवेदकहरुले निम्न थप बमोजिम थप कागजात पेश गर्नु पर्नेछ

क) कुखुरा पालन

१) २०७६ माघ १५ पछी चल्ला खरिद गरेको बिल विजक प्रतिलिपि
२) संम्वन्धित कार्यको लागि कृषि ऋण प्राप्त गरेको भए स्थानीय तह वडा कार्यालयको सिफारीस र संम्वन्धित बैंक मार्फत प्रमाणिकरण गरेको व्याज खुल्ने प्रतिवेदन ।
३) २०७६ फाल्गुन मसान्त सम्मको ऋणको स्टेटमेन्ट

ख) बंगुरपालन

१. लक डाउन अवधिमा दाना खरिद गरिएको बिल विजक
२. मासुका लागि पालिएको विक्रीयोग्य वंगुर संख्याका आधारमा लक डाउनका कारण वेच्न नसकी थप दाना खपत भएको परिमाण खुल्ने कागज

ग) दुध बिक्रि

१. दुध संकलन गर्ने केन्द्र वा सहकारीले फाल्गुन महिनामा आफ्ना प्रत्येक सदस्य किसानहरुले संकलन केन्द्रमा दैनिक जम्मा गरेको दुधको परिमाण खुलेको विवरण को प्रमाणित प्रतिलिपी ।
२. दुध संकलन गर्ने केन्द्र वा सहकारीले लक डाउन समयमा आफ्ना प्रत्येक सदस्य किसानहरुले संकलन केन्द्रमा दैनिक जम्मा गरेको दुधको परिमाण खुलेको विवरण को प्रमाणित प्रतिलिपी ।